नेपाल सरकार
मा. सुरेन्द्र लाभ कर्ण
प्रदेश प्रमुख
मधेश प्रदेश
जनकपुरधाम, धनुषा

# गणतन्त्र दिवस—२०८३ को शुभकामना !

प्रिय मधेश प्रदेशवासी तथा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरू,

जेष्ठ १५ नेपाली इतिहासको एउटा गौरवपूर्ण दिन हो। यो दिन नेपाली जनताको दीर्घ संघर्ष, बलिदान र लोकतान्त्रिक चेतनाको विजयका रूपमा स्थापित भएको छ। संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना भएको यस ऐतिहासिक अवसरमा मधेश प्रदेश तथा देश-विदेशमा रहनुभएका सम्पूर्ण नेपालीमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

गणतन्त्र केवल शासन व्यवस्थाको परिवर्तन होइन, यो राज्य र नागरिकबीचको सम्बन्धलाई पुनर्परिभाषित गर्ने ऐतिहासिक प्रक्रिया हो। यसले नागरिकलाई राज्यको केन्द्रमा स्थापित गर्दै समानता, सहभागिता, समावेशिता र आत्मसम्मानको मार्ग प्रशस्त गरेको छ। नेपालको लोकतान्त्रिक आन्दोलनमा मधेशको योगदान विशेष रूपमा स्मरणीय र गौरवपूर्ण रहेको छ। मधेशले केवल राजनीतिक परिवर्तनको समर्थन मात्र गरेन, अधिकार, पहिचान, समान प्रतिनिधित्व र सम्मानजनक सहभागिताका लागि ऐतिहासिक आवाज पनि उठायो।

मधेशको माटोले सदियौँदेखि सहअस्तित्व, श्रम, संस्कृति र सभ्यताको सन्देश बोकेको छ। यहाँको बहुभाषिक, बहुसांस्कृतिक र बहुजातीय जीवनशैली नेपालकै लोकतान्त्रिक आत्माको जीवन्त उदाहरण हो। यही विविधताभित्रको एकता नै हाम्रो राष्ट्रिय शक्ति हो। गणतन्त्रको सार पनि त्यही हो'कुनै नागरिकलाई केन्द्र र किनारको दूरीमा नराखे, सबैलाई समान अवसर र सम्मान दिने।

आज गणतन्त्र दिवस मनाइरहँदा हामीले आत्मसमीक्षा पनि गर्नुपर्छ। संविधानले परिकल्पना गरेको सामाजिक न्याय, सुशासन, आर्थिक समृद्धि र समावेशी विकासलाई जनताको दैनिक जीवनमा कति रूपान्तरण गर्न सकेका छौं भन्ने प्रश्न अझै हाम्रो सामु उभिएको छ। जबसम्म मधेशको किसान, श्रमिक, युवा, महिला, दलित, पिछडिएको समुदाय र सीमान्तकृत नागरिकले राज्यको अनुभूति आफ्नै जीवनमा गर्न सक्दैनन्, तबसम्म गणतन्त्रको पूर्ण अनुभूति अधुरै रहनेछ।

संघीयता र गणतन्त्रले स्थानीय पहिचानलाई सम्मान गर्दै राष्ट्रिय एकतालाई अझ बलियो बनाउने अवसर प्रदान गरेको छ। अब आवश्यकता राजनीतिक परिपक्वता, पारदर्शिता, उत्तरदायित्व र जनविश्वासको पुनर्स्थापनाको हो। लोकतन्त्रको शक्ति संवाद, सहकार्य र सहिष्णुतामा निहित हुन्छ। विभाजन होइन, समन्वय र साझेदारी नै समृद्ध नेपालको आधार बन्न सक्छ।

यस ऐतिहासिक अवसरमा लोकतान्त्रिक आन्दोलन तथा मधेश आन्दोलनका सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै घाइते, बेपत्ता परिवार तथा परिवर्तनका सम्पूर्ण संवाहकहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु।

आउनुहोस्, हामी सबै मिलेर न्यायपूर्ण, समावेशी, समुन्नत र आत्मसम्मानयुक्त नेपाल निर्माणको साझा यात्रामा अझ दृढतापूर्वक अघि बढौं।

जय मधेश, जय नेपाल!!!

..............................

(सुरेन्द्र लाभ कर्ण)

प्रदेश प्रमुख